१ असार, २०७७

# दैनिक गतिविधि

फोन नं. ०६१-५२०३९०
PHEOC: ०६१-५२४०७४
फ्याक्स: ०६१-५२०३३०
टोल फ्री न. १०९२

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

## पछिल्ला तथ्यांक

**नेपालमा :**

६२११
संक्रमित

१९
मृत्यु भएका

१०४१
निको भएका

**गण्डकी प्रदेशमा :**

८४४३
PCR परिक्षण गरिएको

५८६२
संक्रमण नदेखिएको (PCR)

२०५
संक्रमण देखिएको (PCR)

१
मृत्यु भएका

२३७६
नतिजा आउन बाँकी (PCR)

२०
निको भएका

**गण्डकी प्रदेशमा लिङ्ग अनुसार कोभिड-१९ का तथ्याङ्क**

कुल संक्रमित पुरुष : १९४

कुल संक्रमित महिला : ११

अध्यावधिक मिति : २०७७/०३/०१
समय : बेलुका ५:०० बजे



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रका संयोजक नवराज शर्मा र WHO का प्रतिनिधि डा. राजिब लालचनले कोरोना अस्पताल, कुश्मा पर्वतमा आईसोलेसनमा रहेका व्यक्तिहरुको अवस्था तथा उनीहरुको contact tracing को अवस्था बुझ्नका लागि त्यस कोरोना अस्पतालमा कार्यरत डाक्टर तथा अन्य स्वास्थ्यकर्मीहरुसंग भेटघाट गर्नुभएको छ । कोरोना अस्पतालमा कुल २६ जना रहेकोमा भोलिसम्म ९ जनाको १४ दिन सम्पन्न हुने र उनीहरुको नमुना संकलन गरि परिक्षणका लागि पठाईएको कुरा ड्युटीमा संलग्न डा. संतोशी थपलियाले जानकारी दिनुभएको छ । अस्पतालमा ५/५ जना स्वास्थ्यकर्मीको समुहमा ७/७ दिनको ड्युटीमा खटाईने गरेको र आईसोलेसनमा रहेका सबै व्यक्तिको अवस्था सामान्य रहेको जानकारी डा. थपलियाले दिनुभएको छ ।





स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा आज बेनीको होटल हिलभ्युमा Case Investigation & Contact Tracing (CICT) सम्बन्धि एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । जिल्ला भित्रका स्वास्थ्य संयोजक र CICT Team का सदस्यहरु सहभागी रहेको उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय, म्याग्दीका प्रमुख एकनारायण लम्सालको अध्यक्षता रहेको थियो । कार्यक्रममा बेनी अस्पतालका मे.सु. डा. अमृत अधिकारीले प्रमुख अतिथिको मन्तव्य राख्नु भएको थियो । अभिमुखीकरणको सहजीकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश पोखरामा कार्यरत नवराज शर्मा, दिवाकर शर्मा र WHO का प्रतिनिधि डा. राजीव लालचनले गर्नुभएको थियो भने कार्यक्रम संचालन स्वास्थ्य कार्यालय, म्याग्दीका नारायण रेग्मीले गर्नु भएको थियो। डा. राजीव लालचनले A0, A1, B1 फारमहरु र नेपाल सरकारले लागु गरेका नयाँ Protocol को बारेमा जानकारी गराउनु भएको थियो ।

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**

हेलो डाक्टर १०९२